प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मितिः-२०७७/०५/०२

## प्रेस विज्ञप्ती

प्रदेश सुशासन ऐन, २०७६ को दफा १८ बमोजिम यस मन्त्रालयको आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम र बजेटका आधारमा वार्षिक विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री र माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीबीच मिति २०७७ साउन २८ गते कार्य सम्पादन सम्झौता सम्पन्न भैसकेको व्यहोरा अवगत नै छ । यसै परिप्रेक्ष्यमा निर्दिष्ट ऐन, कानून, नियम र कार्यविधिका आधारमा स्वीकृत वार्षिक कार्ययोजना बमोजिमका क्रियाकलाप तथा नियमित कामकारबाहीलाई प्रभावकारी र नतिजामूलक ढङ्गले सफलता पूर्वक सम्पन्न गर्नका लागि मिति २०७७ साल भाद्र १ गते सोमवार मन्त्रालयको सभाहलमा माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमान र मन्त्रालयका सचिव श्री केदारनाथ शर्माबीच, मन्त्रालयका सचिव र महाशाखा प्रमुखहरुबीच एवम् महाशाखा प्रमुख र शाखा प्रमुखहरुबीच समेत कार्यसम्पादन सम्झौता भएको छ । मन्त्रालयका विभिन्न तहहरु बीच आज भएको कार्यसम्पादन सम्झौता स्वीकृत वार्षिक कार्ययोजनाको परिणाममुखी कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित र मजवुत बनाउन, सेवा ग्राहीको यथोचित मागलाई समयमै सम्बोधन गरी मन्त्रालयको लक्ष्य प्राप्तिको दिशामा अघि बढ्न एउटा कोशेढुङ्गा सावित हुनेछ भन्ने मन्त्रालयले अपेक्षा राखेको छ ।

साथै कोरोना भाइरसका कारण लाग्ने कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न प्रदेश स्तरीय कोभिड-१९ संकट व्यवस्थापन समितिको मिति २०७७ भाद्र १ गते बसेको बैठकले देहाय बमोजिम निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### कोभिड-१९ संकट व्यवस्थापन समितिको बैठकका निर्णयहरु

१. यस प्रदेशको कोभिड १९ को नियन्त्रण, रोकथाम र उपचार गर्ने सम्बन्धमा हालसम्म भए गरेका कार्यहरु एवं प्रयासहरुको बारेमा प्रस्तुती भयो । हाल सम्म भै रहेका प्रयासहरुलाई कायम राख्दै आगामी दिनमा सरोकारवालाहरु सबैको सहयोग, समन्वय र सहकार्यमा थप प्रभावकारी बनाउने ।

२. नेपाल सरकारबाट २०७७ साल आषाढ र श्रावण महिनामा निर्णय भै आन्तरिक मामिला तथा कानून मन्त्रालयमा प्राप्त भएका निर्णयहरु जानकारी भयो । उक्त निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

उप-सचिव

फोन नं. ०६१- ४६७७३२ ०६१-४६... फ्याक्स : ०६१-४६७७११ Email:moialp4@gmail.com

३. कोभिड १९ को बढ्दो जोखिमबाट बच्न अति आवश्यक काम नपरी घरबाट बाहिर ननिस्कने । आवश्यक काम परी बाहिर निस्कनै पर्ने भएमा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पालना अनिवार्य रुपमा गर्ने गराउने कार्यमा प्रदेश सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय एवं स्थानीय तहहरु (वडा कार्यालयहरु) ले सबै नागरिकलाई सुसुचित गर्ने, गराउने । मापदण्डको पालना भए नभएको विषयमा प्रभावकारी अनुगमन गरी नभएको पाइएमा सबै स्थानीय प्रशासन तथा सुरक्षा निकायहरुले कार्यान्वयनको व्यवस्था मिलाउने ।

४. नजिकिदै गरेको कुशे औंशी (बुबाको मुख हेर्ने दिन), ऋषि पञ्चमी, हरितालिका तीज लगायतका चाडपर्वहरु एवं सार्वजनिक स्थलहरुमा सभा, सेमिनार, बार्षिकोत्सव, अधिवेशन आदिजस्ता कार्यक्रम गर्न स्थानीय प्रशासनले आवश्यकता अनुसार रोक लगाउने । सो को अनुगमन सबै स्थानीय तहहरुले गर्ने र कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानीय प्रशासन र सुरक्षा निकायहरुले सहयोग गर्ने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सामाजिक विकास मन्त्रालयमा आइसोलेसन कक्षहरुको व्यवस्थापनका लागि हालसम्म पठाइएको रकमको खर्च र थप रकम आवश्यक पर्ने भए सो समेतको यथार्थ विवरण यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने ।

६. कोभिड १९ बाहेक अन्य रोगका कारण अस्पतालमा भर्ना भै उपचार सकेर discharge गरिने सबै विरामीको अनिवार्य पि.सि.आर परिक्षण गरेर सो को नतिजा negative आएमा मात्र discharge गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने र सो का लागि आवश्यक कार्यविधी बनाउन पर्ने भए सो समेत बनाउने।

७. गण्डकी प्रदेशको प्रवेश विन्दुमा राखिएका सुरक्षा निकायका चेक पोइन्टहरुमा हुने चेक जाँचलाई थप प्रभावकारी बनाउने । यस प्रदेशमा प्रवेश गर्ने व्यक्तिहरुको नाम, सम्पर्क नम्वर र सम्भव भएसम्म फोटो समेतको विवरण राख्ने व्यवस्था गर्ने । सो को लागि सरोकारवालाहरु सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग, समन्वय र सहकार्य गर्ने ।

८. कोभिड १९ का कारण निधन हुने व्यक्तिहरुको शव व्यवस्थापन गर्नका लागि जिल्लास्थित DCCMC ले सबै सरोकारवालाहरुसँग छलफल गरी शव व्यवस्थापन स्थल तोक्ने र सो को जानकारी प्रदेश स्थित CCMC-OPS लाई पठाउने ।

९. पोखरा महानगरपालिका भित्र स्वाव परिक्षणलाई थप प्रभावकारी बनाउन महानगरपालिका र स्वास्थ्य निर्देशनालयको संयुक्त टोली परिचालन गर्ने । सो को लागि महानगरपालिकाका वडामा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिन पर्ने भए दिने र उक्त टोलीले जोखिम प्रभावित क्षेत्रलाई प्राथमिकता दिने ।

............................

प्रवक्ता

उप-सचिव

☎फोन नं. ०६१- ४६७७३२ ०६१-४६७७३४ ✆फ्याक्स : ०६१-४६७७११ Email:moialp4@gmail.com